# गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

# गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५।०१।२०

संशोधन गर्ने ऐन
केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७    २०७७।०४।१६

सवंत् २०७५ सालको ऐन नं. ०३

## गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) सम्बन्धी ऐन

**प्रस्तावनाः** स्थानीय तहको बैठक एवं कार्य सञ्चालनलाई मर्यादित र व्यवस्थित बनाउन, समिति गठन तथा काम कारबाहीको व्यवस्था गर्न, सभाको कानून निर्माण प्रक्रियालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७६ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद — १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले सभाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष वा नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश लाई सम्झनु पर्छ ।

(ङ) "प्रस्ताव" भन्नाले सभाको विचारार्थ पेश गरिएको कुनै प्रस्ताव सम्झनु पर्छ र सो शब्दले प्रस्तावसँग सम्बन्धित संशोधन प्रस्ताव समेतलाई जनाउँछ ।

(च) "प्रस्तुतकर्ता सदस्य" भन्नाले सभाको विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सभाको सदस्य सम्झनु पर्छ ।

(छ) "बैठक कक्ष" भन्नाले सभाको बैठक कक्ष सम्झनु पर्छ र सो शब्दले बैठक कक्षसँग जोडिएको दर्शकदीर्घा तथा बरण्डा समेतलाई जनाउँछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

(ज) "बैठक" भन्नाले गाउँ वा नगर सभाको अधिवेशन सम्झनु पर्छ र सो शब्दले समितिको बैठक समेतलाई जनाउँछ।

(झ) "विधेयक" भन्नाले गाउँ सभा वा नगर सभामा पेश भएको ऐनको मस्यौदा वा संशोधन ऐनको मस्यौदा सम्झनु पर्छ ।

(ञ) "विषयगत शाखा" भन्नाले गाउँपालिका वा नगरपालिकाको कार्य विभाजन नियमावली बमोजिमको विषयगत शाखा सम्झनु पर्छ।

(ट) "संयोजक" भन्नाले यस ऐन बमोजिम गठित समितिको संयोजक सम्झनु पर्छ ।

(ठ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ड) "सदस्य" भन्नाले गाउँ तथा नगर कार्यपालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, कार्यपालिकाको सदस्य वा वडा सदस्य सम्झनु पर्छ ।

(ढ) "सभा" भन्नाले गाउँपालिकाको हकमा संविधानको धारा २२२ बमोजिमको गाउँ सभा, नगरपालिकाको हकमा संविधानको धारा २२३ बमोजिमको नगर सभा र जिल्ला समन्वय समितिको हकमा धारा २२० बमोजिमको जिल्ला सभा सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ण) "सभाको सचिव" भन्नाले गाउँ वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी वा अध्यक्षले सभाको सचिव भई काम गर्न तोकेको कर्मचारी सम्झनु पर्छ ।

(त) "समिति" भन्नाले यस ऐन बमोजिम गठन हुने सभाको समिति सम्झनु पर्छ ।

(थ) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिमका गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ ।

## परिच्छेद -२

## गाउँ सभा तथा नगर सभाको बैठक सम्बन्धी व्यवस्था

३. **सभाको अधिवेशन बोलाउनेः** (१) अध्यक्षले गाउँपालिका वा नगरपालिकाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले एक महिनाभित्र सभाको पहिलो अधिवेशन र त्यसपछि यस ऐन बमोजिम समय समयमा अन्य अधिवेशन बोलाउनेछ ।

तर सभाको एउटा अधिवेशनको अन्त्य र अर्को अधिवेशनको आव्हान बीचको अवधि छ महिनाभन्दा बढी फरक हुने छैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) अध्यक्षले कार्यसूची बमोजिम सभाको बैठकको सञ्चालन र अन्त्य गर्नेछ ।

(३) सभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा बैठक बोलाउन आवश्यक छ भनी सभाको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले लिखित अनुरोध गरेमा अध्यक्षले एक महिनाभित्र बैठक बस्ने मिति, समय र स्थान तोकी बैठक बोलाउनेछ ।

(४) सभाको अधिवेशन कार्यपालिकाको केन्द्र रहेको स्थानमा अध्यक्षले तोके बमोजिम बस्नेछ ।

(५) निर्वाचन पछिको पहिलो अधिवेशनको अवधि सामान्यतया बढीमा पन्ध्र दिन र त्यसपछिको प्रत्येक अधिवेशनको अवधि बढीमा सात दिनको हुनेछ।

(६) उपदफा (१) वा (३) बमोजिम सभाको अधिवेशन बोलाएको सूचना अध्यक्षले तीन दिन अगावै सदस्यलाई दिनेछ ।

(७) उपदफा (६) बमोजिमको सूचना विद्युतीय माध्यम वा आवश्यकता अनुसार सार्वजनिक सञ्चार माध्यमबाट समेत दिन सकिनेछ र यसरी दिएको सूचनालाई सबै सदस्यले प्राप्त गरेको मानिनेछ ।

४. **<u>सदस्यको उपस्थिति र आसनः</u>** (१) बैठकमा आसन ग्रहण गर्नु अघि सबै सदस्यले अध्यक्षले तोकेको क्रम अनुसार

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अधिवेशनको उपस्थिति पुस्तिकामा वा विद्युतीय हाजिरी उपकरणमा उपस्थिति जनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपस्थित सदस्यले अध्यक्षले निर्धारित गरेको स्थानमा आफ्नो आसन ग्रहण गर्नु पर्नेछ ।

(३) अपाङ्गता भएका सदस्यको हकमा अध्यक्षले निर्धारित गरेको स्थानमा आसन ग्रहण गर्ने गरी निजको साथमा एक जना परिचारक आवश्यक पर्ने भएमा सो को समेत व्यवस्था गर्न सक्नेछ ।

५. **<u>सभाको गणपूरक संख्याः</u>** (१) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा अधिवेशनको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम गणपूरक संख्या नपुगेमा अध्यक्षले तीन दिनभित्र अर्को बैठकका लागि आव्हान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आव्हान गरेको अधिवेशनमा गणपूरक संख्या नपुगेमा दुई दिनभित्र अधिवेशन बस्ने गरी दफा ३ बमोजिम पुनः आव्हान गर्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) उपदफा (३) बमोजिम पुनः आव्हान गर्दा पनि गणपूरक संख्या नपुगेमा कम्तीमा पच्चीस प्रतिशत सदस्यहरुको उपस्थितिमा अधिवेशन बस्नेछ ।

६. **<u>बैठकको सञ्चालन र स्थगन</u>:** (१) अध्यक्षले सभाको कार्यबोझलाई ध्यानमा राखी कार्यसूची स्वीकृत गरी सभाको बैठक सञ्चालन गर्नु पर्नेछ ।

(२) सभाको बैठक अध्यक्षले निर्धारण गरेको समय तालिका बमोजिम हुनेछ ।

(३) अध्यक्षले प्रत्येक बैठकको प्रारम्भ तथा स्थगनको घोषणा गर्नेछ ।

(४) सभाको अध्यक्ष बैठकमा उपस्थित हुन नसक्ने अवस्थामा उपाध्यक्ष वा उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ र उपाध्यक्ष वा उपप्रमुख पनि उपस्थित हुन नसकेमा अध्यक्षले तोकेको सभाको सदस्यले बैठकको अध्यक्षता गर्ने गरी कार्यसूचीमा तोक्नु पर्नेछ।

७. **<u>कार्यसूची र समयावधि प्रकाशन:</u>** अध्यक्षको निर्देशानुसार सभाको सचिवले अनुसूची-१ बमोजिमको कार्यसूची र समय तालिका तयार गर्नेछ । त्यसको एक प्रति सामान्यतया अठ्चालीस घण्टा अगावै प्रत्येक सदस्यलाई उपलब्ध गराइनेछ ।

तर विशेष परिस्थितिमा अध्यक्षको निर्देशानुसार बैठक बस्नु भन्दा चौबीस घण्टा अगावै कार्यसूची तयार

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

गरी त्यसको एक प्रति सदस्यलाई सभाको सचिवले उपलब्ध गराउनेछ ।

८. **समयावधि निर्धारणः** (१) अध्यक्षले बैठकमा पेश हुने विषयमाथि छलफल गर्न समयावधि तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयावधि समाप्त भएपछि यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक अध्यक्षले अन्य विषयमा छलफल हुन नदिई सो विषयको टुङ्गो लगाउन आवश्यक सबै विधेयक वा प्रस्ताव निर्णयार्थ बैठकमा प्रस्तुत गर्नेछ ।

९. **सभामा मतदानः** (१) सभामा निर्णयका लागि प्रस्तुत गरिएको सबै विधेयक वा प्रस्तावको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ ।

(२) अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन ।

तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो निर्णायक मत दिनेछ ।

(३) उपदफा (१) बमोजिमको निर्णय बहुमत सदस्यको हस्ताक्षरबाट प्रमाणित गरिनेछ ।

१०. **मर्यादित संशोधनः** कुनै सदस्यले प्रस्तुत गर्न खोजेको विधेयक वा प्रस्तावमा कुनै आपत्तिजनक, व्यंग्यात्मक, अनावश्यक, अनुपयुक्त वा असम्बद्ध शब्द वा वाक्यांश प्रयोग भएको लागेमा अध्यक्षले त्यस्ता विधेयक वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

प्रस्ताव वितरण हुनुभन्दा अघि उपयुक्त संशोधन गर्न वा गराउन सक्नेछ ।

११. **<u>बैठकको प्रारम्भः</u>** सभाको बैठक कक्षमा अध्यक्ष आगमन भई राष्ट्रिय धुन बजेपछि बैठक प्रारम्भ हुनेछ ।

१२. **<u>बैठकमा पालना गर्नु पर्ने आचरणहरूः</u>** (१) बैठकमा भाग लिने सदस्यले देहाय बमोजिमका आचरण पालना गर्नु पर्नेछः-

(क) अध्यक्ष बैठक कक्षमा प्रवेश गर्दा सबैले सम्मान प्रकट गर्न उठ्नु पर्ने,

(ख) अध्यक्षले बैठकप्रति सम्मान प्रकट गरी आफ्नो आसन ग्रहण गर्नु पर्ने,

(ग) बैठकमा भाग लिने सदस्यले बोल्दा अध्यक्षलाई सम्बोधन गरेर मात्र बोल्नु पर्ने र अध्यक्षले अन्यथा आदेश दिएमा बाहेक उभिएर बोल्नु पर्ने,

(घ) अध्यक्षले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छाड्नु नहुने र अध्यक्षले बोलेको कुरा शान्तिपूर्वक सुन्नु पर्ने,

(ङ) अध्यक्षले आसन ग्रहण गरिरहेको र बोलिरहेको अवस्थामा सदस्यको बीचबाट हिँड्नु नहुने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(च) बैठक स्थगित भई अध्यक्ष सभाबाट बाहिर निस्केपछि मात्र अरु सदस्यले बैठक कक्ष छाड्नु पर्ने,

(छ) कुनै सदस्यले बोलिरहेको समयमा अशान्ति गर्ने वा बैठकको मर्यादा भंग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्नु नहुने,

(ज) बैठक कक्षमा अध्यक्षको सामुन्नेबाट वारपार गरी हिंड्न वा अध्यक्षको आसनतर्फ पिठ्यूँ फर्काएर बस्न नहुने,

(झ) बैठकको कार्यसँग प्रत्यक्ष रुपले सम्बन्धित विषय बाहेक अन्य विषयको पुस्तक, समाचारपत्र वा अन्य कागजपत्रहरू पढ्नु नहुने,

(ञ) बैठकको अवधिभर बैठक कक्षमा मोबाइल र अन्य हलुका उपकरण प्रयोग गर्न नहुने,

(२) सभामा पालना गर्नु पर्ने अन्य आचरणहरू समय समयमा सभाले तोके बमोजिम हुनेछ ।

१३. **<u>बैठकमा पालना गर्नु पर्ने कुराहरु:</u>** बैठकमा हुने छलफलमा भाग लिने सदस्यले देहायका कुराको पालना गर्नु पर्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) अध्यक्षको ध्यानाकर्षण गर्नको निमित्त उठ्नु पर्नेछ र अध्यक्षले नाम बोलाएपछि वा इशारा गरेपछि मात्र बोल्नु पर्ने,

(ख) दफा ३६ बमोजिमका विषयमा छलफल गर्नु नहुने,

(ग) अशिष्ट, अश्लील, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्न नहुने,

(घ) व्यक्तिगत आक्षेप लगाउन नहुने,

(ङ) बोल्न पाउने अधिकारलाई सभाको कार्यमा बाधा पार्ने मनसायले दुरुपयोग गर्नु नहुने,

(च) सभा वा अध्यक्षको कुनै निर्णय बदर गरियोस् भन्ने प्रस्तावमाथि बोल्दाको अवस्थामा बाहेक सभा अध्यक्षको कुनै पनि निर्णयको आलोचना गर्नु नहुने,

(छ) अध्यक्षले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्तावको छलफलको क्रममा बाहेक अध्यक्षको आलोचना गर्नु नहुने,

(ज) सभाले तोके बमोजिम अन्य कुरा ।

१४. **छलफलमा बोल्ने क्रमः** बैठकको छलफलमा बोल्ने क्रम देहाय बमोजिम हुनेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) प्रस्ताव पेश गर्ने सदस्यले बोलिसकेपछि अध्यक्षले नाम बोलाएको वा इशारा गरेको क्रम बमोजिमको सदस्यले बोल्ने,

(ख) अध्यक्षको अनुमति लिई कुनै सदस्यले एउटा प्रस्तावमा एक पटक मात्र बोल्ने,

(ग) प्रस्ताव पेश गर्ने सदस्यले अध्यक्षको अनुमति लिई छलफलमा उठेका प्रश्नहरूको जवाफ छलफलको अन्त्यमा दिनेछ ।

१५. **स्पष्ट पार्न माग गर्न सकिने**: (१) छलफल चलिरहेको समयमा सम्बन्धित विषयमा कुनै सदस्यले कुनै कुरा स्पष्ट पार्न माग गर्न अध्यक्ष मार्फत अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुमति लिई कुनै सदस्यले सभाको जानकारीको लागि आफूसँग सम्बन्धित अन्य विषयमा स्पष्ट जानकारी दिन सक्नेछ ।

तर त्यस्तो स्पष्ट जानकारी दिँदा कुनै विवादास्पद विषय उठाउन पाइने छैन र त्यस्तो जानकारी माथि कुनै छलफल गर्न पाइने छैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१६. **निर्णयार्थ प्रस्ताव पेश गर्ने:** (१) सभाको कार्यसूचीको कुनै प्रस्तावमाथि छलफल समाप्त भएपछि त्यस्तो प्रस्तावको पक्षमा हुने सदस्यलाई "हुन्छ" विपक्षमा हुने सदस्यलाई "हुन्न" र तटस्थ रहन चाहने सदस्यलाई "मत दिन्न" भन्ने शब्द सुनिने गरी उच्चारण गर्नु भनी अध्यक्षले कार्यसूचीका विषय क्रमशः निर्णयार्थ पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्तावलाई निर्णयार्थ पेश गरेपछि अध्यक्षले "हुन्छ" वा "हुन्न" भन्ने सदस्य मध्ये जुन पक्षको बहुमत भएको ठहऱ्याउँछ सो कुराको घोषणा गर्नेछ ।

(३) अध्यक्षद्वारा कुनै प्रस्ताव निर्णयार्थ पेश गरिसकेपछि सो प्रस्तावमाथि छलफल गर्न वा संशोधन प्रस्तुत गर्न पाइने छैन ।

१७. **निर्देशन दिने:** (१) बैठकमा अभद्र व्यवहार गर्ने सदस्यलाई आफ्नो व्यवहार नियन्त्रण गर्न अध्यक्षले चेतावनी दिएपछि त्यस्तो सदस्यले आफ्नो व्यवहारमाथि तुरुन्त नियन्त्रण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश पालना नगर्ने सदस्यलाई अध्यक्षले बैठकबाट बाहिर जान आदेश दिन सक्नेछ। यसरी आदेश पाएपछि त्यस्तो सदस्यले बैठक कक्षबाट तत्काल बाहिर जानु पर्नेछ र निजले सो दिनको बाँकी अवधिको बैठकमा उपस्थित हुन पाउने छैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) उपदफा (२) बमोजिमको आदेश पाएपछि पनि त्यस्तो सदस्य बैठक कक्षबाट तत्काल बाहिर नगएमा अध्यक्षले निजलाई कर्मचारी वा सुरक्षाकर्मीको सहयोग लिई बाहिर निकाल्न सक्नेछ र त्यसरी निकालिएकोमा त्यस्तो सदस्यले त्यसपछिको तीन दिनसम्म सभाको बैठक वा कुनै समितिको बैठकमा भाग लिन पाउने छैन ।

यसरी निकालिएकोमा सभाको सचिवले सो कुराको सूचना सबै समितिलाई दिनेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले बैठक कक्षमा शान्ति, सुव्यवस्था तथा अनुशासन भङ्ग गरेमा वा गर्न लागेमा वा सभाको प्रतिष्ठामा धक्का लाग्ने किसिमले बैठक कक्षभित्र ध्वंसात्मक कार्य गरेमा वा बल प्रयोग गरेमा वा गर्न लागेमा वा कुनै भौतिक हानि नोक्सानी पुऱ्याएमा अध्यक्षले निजलाई बैठक कक्षबाट तत्काल निष्काशन गरी त्यस्तो सदस्यलाई बढीमा सात दिनसम्मको लागि सभामा आउन नपाउने गरी र क्षति भएको भए क्षतिपूर्ति निजबाट भराउने गरी आदेश दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको निष्काशित सदस्यले सो अवधिभर कुनै समितिको बैठकमा उपस्थित हुन पाउने छैन ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(६) उपदफा (४) बमोजिम निजलाई तोकिएको क्षतिपूर्ति अध्यक्षले तोकेको समयभित्र दाखिला गर्ने दायित्व सम्बन्धित सदस्यको हुनेछ ।

(७) यस दफा बमोजिम कुनै सदस्य निष्काशित भएको वा फुकुवा भएको सूचना सभाको सचिवले सबै समितिलाई दिनेछ ।

१८. **कारबाही फिर्ता हुन सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निष्काशित वा कारबाहीमा परेको सदस्यले चित्त बुझ्दो सफाई पेश गरेमा वा आफ्नो भूल स्वीकार गरी माफी मागेमा अध्यक्षले बैठकको राय बुझी त्यस्तो सदस्यलाई माफी दिई कारबाही फिर्ता लिन सक्नेछ ।

१९. **बैठक स्थगित गर्ने अधिकारः** बैठक कक्षभित्र अव्यवस्था भई वा हुन लागि बैठक नियमित रुपले सञ्चालन गर्न बाधा पर्ने देखिएमा अध्यक्षले उक्त दिनको कुनै समयसम्म वा आफूले तोकेको अवधिसम्मको लागि सूचना टाँस गरी बैठक स्थगित गर्न सक्नेछ र अध्यक्षले यसरी गरेको स्थगन माथि प्रश्न उठाउन पाइने छैन ।

२०. **सदस्यको स्थान रिक्त रहेको अवस्थामा सभाको कार्य सञ्चालनः** (१) सभाको कुनै सदस्यको स्थान रिक्त रहेको अवस्थामा समेत सभाले आफ्नो कार्य सञ्चालन गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) सभाको काम कारबाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लागेमा प्रचलित कानून बमोजिम भएको कार्य अमान्य हुने छैन ।

२१. **निर्णयको अभिलेख राख्नेः** (१) सभा र यसको समितिको निर्णय तथा काम कारबाहीको अभिलेख सभाको सचिवले व्यवस्थित र सुरक्षित राख्नु पर्नेछ ।

(२) सभा तथा यसका समितिको निर्णयको सक्कल अध्यक्षको आदेश बिना सभा वा सभा भवन बाहिर लैजान हुँदैन ।

२२. **निर्णय प्रमाणित गर्नेः** (१) सभाको बैठकले गरेका निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय सुरक्षित राख्ने र कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सभाको सचिवलाई हुनेछ ।

## परिच्छेद-३
## कानून निर्माण प्रक्रिया

२३. **कानून बनाउँदा विचार गर्नु पर्ने कुराः** (१) सभाले नयाँ कानून बनाउँदा वा कुनै कानून संशोधन गर्दा अन्य कुराको अतिरिक्त देहायको विषयमा विचार गर्नु पर्नेछः-

(क) संविधान बमोजिम आफ्नो अधिकारको विषय पर्ने वा नपर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) संविधान, संघीय कानून तथा प्रदेश कानून सम्बन्धी व्यवस्था,

(ग) कानून स्वच्छ, न्यायपूर्ण तथा तर्क सँगत छ, छैन,

(घ) निर्माण गर्न लागिएको कानूनको व्यवहारिक कार्यान्वयन हुन सक्ने, नसक्ने,

(ङ) कानून कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक स्रोत तथा संस्थागत संरचना,

(च) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त वा आदेश भए नभएको,

(छ) नेपाल सरकार, संघीय संसद्, प्रदेश सरकार वा प्रदेश सभाले त्यस्तै विषयमा कानून निर्माण गरेको भए त्यस सम्बन्धी व्यवस्था,

(ज) नेपाल सरकार वा प्रदेश सरकारले नमुना कानून बनाएको भए त्यस सम्बन्धी व्यवस्था,

(झ) नेपालले अन्तर्राष्ट्रिय स्तरमा जनाएको प्रतिवद्धता,

(ञ) सम्बन्धित स्थानीय तहले बनाएका कानूनहरूको अन्य स्थानीय कानूनहरु सँगको एकरूपता,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ट) जिल्लाभित्रका अन्य स्थानीय तह वा अन्य जिल्लासँग सिमाना जोडिएका स्थानीय तहको हकमा त्यस्ता जिल्लाका स्थानीय तहले बनाएको स्थानीय कानून,

(ठ) गाउँकार्यपालिका वा नगरकार्यपालिकाले निर्धारण गरेका अन्य आवश्यक विषयहरु ।

(२) सभाले संविधानको अनुसूची-९ को विषयमा स्थानीय कानून बनाउँदा त्यस्तो विषयमा संघीय संसद वा प्रदेश सभाले बनाएको कानूनको प्रतिकूल नहुने गरी निर्माण गर्नेछ ।

(३) एक स्थानीय तहबाट अर्को स्थानीय तहको क्षेत्रमा हुने वस्तु वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध वा भेदभाव नहुने गरी कानून बनाउनु पर्नेछ ।

(४) सभा वा कार्यपालिकाले एक आपसमा बाझिने गरी स्थानीय कानून निर्माण गर्न हुँदैन ।

(५) सभाले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले आवश्यक निर्देशिका वा कार्यविधि वा दिग्दर्शन बनाई लागू गर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२४. **आवश्यकताको पहिचान गर्ने**: (१) कार्यपालिकाले विधेयक तर्जुमा गर्नु अघि त्यस्तो विषयको कानून बनाउँदा आवश्यक भए नभएको सम्बन्धमा अध्ययन र पहिचान गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि सम्बन्धित कार्यपालिकाले कानून बनाउनु पर्ने आधार र कारण, त्यस्तो विषयमा संघीय वा प्रदेश कानून भए नभएको, जिल्लाभित्रका अन्य स्थानीय तहमा त्यस सम्बन्धी कानून निर्माण भए नभएको, कानून बनेपछि हासिल गर्न खोजिएको लाभ लागत र उपलब्धि, कानून कार्यान्वयनको लागि आवश्यक पर्ने संयन्त्र तथा आर्थिक स्रोत, त्यस्तो स्रोत जुटाउनको लागि आवश्यक व्यवस्था र विधेयकमा रहने मुख्य मुख्य प्रावधानको समेत विश्लेषण गरी संक्षिप्त अवधारणापत्र तयार गर्नु पर्नेछ ।

(३) कानूनको संशोधनको लागि विधेयक तर्जुमा गर्दा संशोधन गर्नु परेको आधार र कारण सहितको दफावार तीन महले विवरण तयार गर्नु पर्नेछ ।

२५. **प्रस्ताव स्वीकारयोग्य छ वा छैन भन्ने निर्णय गर्ने**: कुनै प्रस्ताव स्वीकार योग्य छ वा छैन भन्ने कुराको निर्णय अध्यक्षले गर्नेछ र त्यसरी निर्णय गर्दा अध्यक्षले कारण खुलाई प्रस्तावको कुनै अंश वा पूरै प्रस्ताव अस्वीकार गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२६. **<u>विधेयक वा प्रस्ताव प्रस्तुत</u>:** (१) वार्षिक आय र व्ययको अनुमान सहितको बजेट तथा सोसँग सम्बन्धित विनियोजन वा आर्थिक विधेयक अध्यक्षबाट निर्धारित मिति र समयमा सभाको बैठकमा प्रस्तुत गर्नु पर्नेछ ।

(२) वार्षिक बजेट तथा अर्थ सम्बन्धी विधेयक वा प्रस्ताव कार्यपालिकाको प्रमुख आफैंले वा निजले तोके बमोजिम उपाध्यक्ष/उपप्रमुख वा कार्यपालिकाको सदस्यले मात्र प्रस्तुत गर्नु पर्नेछ । अध्यक्षले वार्षिक बजेट आय व्यय विवरण तथा बजेट सभामा आफैं पेश गर्ने भएमा सो समयमा उपाध्यक्ष वा उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ ।

(३) कुनै विधेयक वा प्रस्ताव अर्थ सम्बन्धी हो वा होइन भन्ने प्रश्न उठेमा सो प्रश्नको अन्तिम निर्णय गर्ने अधिकार अध्यक्षको हुनेछ ।

(४) अर्थ विधेयक वा प्रस्ताव सम्बन्धी अन्य प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) अर्थ सम्बन्धी विधेयक वा प्रस्तावमा छलफलका लागि अध्यक्षले स्वीकृत गरेको कार्यतालिका सभाको सचिवले सबै सदस्यलाई उपलब्ध गराउनेछ ।

(ख) वार्षिक बजेट सम्बन्धी विधेयक सभाको बैठकमा पेश भए पश्चात् मात्र सबै सदस्यलाई उपलब्ध गराइनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ग) अर्थ सम्बन्धी विधेयक वा प्रस्तावका सम्बन्धमा यस ऐनमा उल्लेख भएका विषय बाहेक अध्यक्षले उपयुक्त ठहऱ्याएको प्रक्रिया अपनाइनेछ ।

(५) अर्थ सम्बन्धी विधेयक वा प्रस्ताव बाहेकका विधेयक वा प्रस्ताव कुनै सदस्यले कम्तीमा सात दिन अगावै सचिवालयमा दर्ता गर्नु पर्नेछ ।

(६) अर्थ सम्बन्धी विधेयक वा प्रस्ताव बाहेकका विधेयक वा प्रस्ताव दर्ता भए पश्चात् सभाको सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(७) विधेयक वा प्रस्ताव माथि छलफल र निर्णय हुने समय तालिका अनुसूची -१ मा उल्लेख भए बमोजिम अध्यक्षले निर्धारण गरे बमोजिम हुनेछ ।

२७. **अर्थ सम्बन्धी पूरक अनुमानः** सभाबाट पारित चालू आर्थिक वर्षको लागि अर्थ सम्बन्धी ऐनले कुनै सेवाका लागि खर्च गर्न अख्तियारी दिएको रकम अपर्याप्त भएमा वा त्यस वर्षका लागि अर्थ सम्बन्धी ऐनले अख्तियारी नदिएको सेवामा खर्च गर्न आवश्यक भएमा वा अर्थ सम्बन्धी ऐनले अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा कार्यपालिकाको अध्यक्ष/प्रमुखले सभामा यस अघि प्रस्तुत गरिएको बजेटको सिद्धान्त र मार्गदर्शनको प्रतिकूल नहुने गरी पूरक अनुमान पेश गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२८. **विधेयक साथ पेश गर्नु पर्ने विवरणः** सभामा पेश गर्ने विधेयकसँग देहायको विवरण संलग्न गर्नु पर्नेछः-

(क) विधेयकको उद्देश्य र कारण सहितको विवरण,

(ख) विधेयक ऐन बनेपछि आर्थिक व्ययभार हुने रहेछ भने त्यसको विस्तृत विवरण सहितको आर्थिक टिप्पणी,

(ग) कुनै विधेयकमा नियम, कार्यविधि, निर्देशिका बनाउने वा अधिकार प्रत्यायोजन गर्ने प्रावधान रहेको भए त्यसको कारण, प्रत्यायोजित अधिकार अन्तर्गत बनाइने नियम, कार्यविधि वा निर्देशिकाको प्रकृति र सीमा तथा त्यसबाट पर्न सक्ने प्रभाव सम्बन्धी टिप्पणी ।

२९. **विधेयक दर्ता गराउनु पर्नेः** (१) सभाको अधिकारक्षेत्र भित्र पर्ने कुनै विषयमा कुनै सदस्यले विधेयक पेश गर्न चाहेमा विधेयक तयार गरी सभाको बैठक बस्ने मितिभन्दा कम्तीमा सात दिन अगावै अध्यक्षलाई उपलब्ध गराई दर्ता गराउनु पर्नेछ ।

तर निर्वाचन पछिको पहिलो सभामा विधेयक पेश गर्ने समयावधि अध्यक्षले तोके बमोजिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिमको विधेयक प्रचलित कानून तथा यस ऐनको प्रतिकूल नभएमा अध्यक्षले उक्त विधेयक पेश गर्न प्रस्तावकलाई अनुमति दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको प्रस्ताव अध्यक्षले आदेश दिए बमोजिम सभाको सचिवले दर्ता गर्नु पर्नेछ ।

(४) सभाको सचिवले अध्यक्षको आदेश बमोजिम विधेयक दर्तागरी अनुसूची -२ बमोजिम दर्ताको अभिलेख छुट्टै राख्नु पर्नेछ ।

३०. **<u>प्रस्ताव दर्ता गराउनु पर्ने</u>**: (१) सभाको अधिकारक्षेत्र भित्र पर्ने कुनै विषयमा प्रस्ताव पेश गर्न चाहने सदस्यले प्रस्ताव तयार गरी सभाको बैठक बस्नुभन्दा कम्तीमा सात दिन अगावै अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

तर निर्वाचन पछिको पहिलो सभामा प्रस्ताव पेश गर्ने समयावधि अध्यक्षले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव प्रचलित कानून तथा यस ऐनको प्रतिकूल भएमा अध्यक्षले उक्त प्रस्ताव प्रचलित कानून तथा यस ऐन बमोजिम हुने गरी पेश गर्न प्रस्तावक सदस्यलाई आदेश दिनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) उपदफा (१) वा (२) बमोजिम अध्यक्षले आदेश दिए बमोजिम सभाको सचिवले प्रस्ताव दर्ता गर्नु पर्नेछ ।

(४) अध्यक्षले आदेश दिए बमोजिमका प्रस्तावको दर्ता सभाको सचिवले अनुसूची-२ बमोजिम छुट्टै अभिलेख राखी दर्ता गर्नु पर्नेछ ।

३१. <u>अनुमति लिई प्रस्ताव पेश गर्न सकिने:</u> (१) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुमति लिई देहायको कुनै प्रस्ताव सूचना नदिई पेश गर्न सकिनेछः-

(क) धन्यवाद ज्ञापन गर्ने,
(ख) प्रस्ताव तथा संशोधन फिर्ता लिने,
(ग) बधाई दिने वा शोक प्रकट गर्ने,
(घ) छलफल वा बैठक स्थगित गर्ने,
(ङ) बैठकको अवधि बढाउने वा
(च) छलफल अन्त्य गर्ने ।

(२) उपदफा (१) बमोजिमका प्रस्तावद्वारा कुनै विवादास्पद विषय उठाउन पाइने छैन ।

(३) उपदफा (१) मा उल्लेखित प्रस्तावका सम्बन्धमा अध्यक्षको अनुमति प्राप्त भई बैठकमा प्रस्ताव पेश भएपछि अध्यक्षले उक्त प्रस्तावलाई बैठकको निर्णयार्थ पेश गर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

३२. **विधेयक र प्रस्ताव वितरणः** वार्षिक बजेट सम्बन्धी विधेयक कार्यपालिकाबाट स्वीकृत गरी सिधै सभामा पेश गरिनेछ र अन्य विधेयक वा प्रस्ताव सभामा पेश गर्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यलाई सभाको सचिवले उपलब्ध गराउनु पर्नेछ ।

३३. **विधेयक वा प्रस्ताव सभामा पेश गर्नेः** (१) अध्यक्षबाट स्वीकृत कार्यतालिका बमोजिम विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सदस्यले सभाको बैठकमा पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम विधेयक पेश गर्दा विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पेश गर्नु परेको कारण, विधेयकबाट गर्न खोजिएको व्यवस्था र त्यसबाट प्राप्त गर्न खोजिएको उपलब्धिको बारेमा संक्षिप्त जानकारी दिंदै विधेयकमा छलफल गरियोस् भन्ने प्रस्ताव सभामा पेश गर्नु पर्नेछ ।

(३) विधेयक वा प्रस्ताव पेश गर्न तोकिएको सदस्य सभामा स्वयं उपस्थित हुन असमर्थ भएमा अध्यक्षले तोकेको कुनै सदस्यले विधेयक वा प्रस्ताव पेश गर्न सक्नेछ ।

३४. **संशोधन सम्बन्धी शर्तहरूः** कुनै विधेयक वा प्रस्तावको सम्बन्धमा देहायका शर्तका अधीनमा रही सदस्यले संशोधन पेश गर्न सक्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) मूल प्रस्तावको सिद्धान्त विपरीत हुन नहुने गरी,

(ख) मूल प्रस्तावको विषयसँग सम्बद्ध तथा त्यसको क्षेत्रभित्र सिमित रही,

(ग) बैठकले पहिले गरिसकेको निर्णयसँग नबाझिने गरी,

(घ) अस्पष्ट वा निरर्थक नहुने गरी ।

**३५. <u>विधेयकमा दफावार छलफल</u>**: (१) दफा २६, २७, २९ र ३० बमोजिमको विधेयक वा प्रस्ताव बैठकमा दफावार छलफलका लागि अध्यक्षले आवश्यक व्यवस्था गर्नु पर्नेछ र यस्तो छलफलमा अध्यक्षले प्राप्त भई सकेका संशोधन विधेयक वा प्रस्तावलाई समेत समावेश गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छलफल समाप्त भए पश्चात् विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सदस्यले अध्यक्षको अनुमतिले सभामा देहायको कुनै एक प्रस्ताव प्रस्तुत गर्नु पर्नेछ:-

(क) विस्तृत छलफलको लागि विधेयक वा प्रस्तावलाई सभाका समितिमा पठाइयोस् भन्ने, वा

(ख) विधेयक वा प्रस्ताव बैठकबाट पारित गर्न निर्णयार्थ पेश गर्ने ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

तर समितिको बैठकमा पठाइने विधेयक वा प्रस्ताव सभाको बैठकमा दफावार छलफल गरिने छैन ।

३६. **<u>सभामा छलफल गर्न नपाइने:</u>** देहायका विषयमा सभा वा समितिको बैठकमा छलफल गर्न पाइने छैनः-

(क) संविधान वा प्रचलित कानूनबाट निषेध गरिएको विषय,

(ख) कानूनतः गोप्य राख्नु पर्ने विषय,

(ग) कुनै विषय प्रकाशन गर्दा राष्ट्रिय हित विपरीत हुने कार्य,

(घ) कार्यपालिकाको कुनै समितिको निर्णयको आलोचना गरिएका विषय,

(ङ) सभाको छलफलद्वारा स्पष्ट भइ सकेको विषय,

(च) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रचारको लागि कुनै व्यक्ति वा संस्थाको नाम समावेश भएको विषय,

(छ) प्रचलित कानून बमोजिम स्थापित भएको न्यायिक वा त्यसको पदाधिकारी, प्रचलित कानून बमोजिम जाँचबुझ गर्न, सुझाव दिन वा प्रतिवेदन पेश गर्न गठित आयोग वा समितिमा विचाराधीन रहेको विषय,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ज) ऐतिहासिक तथ्य वा कानूनको व्याख्या सम्बन्धी विषय,

(झ) गैर सरकारी व्यक्तिको कुनै बक्तव्य सत्य हो वा होइन भन्ने विषय,

(ञ) अशिष्ट भाषा प्रयोग गरिएको विषय,

(ट) कार्यपालिकाको कुनै निर्णय वा कुनै कारबाही सम्बन्धी विषयमा छलफल गर्दा राष्ट्रिय सुरक्षा, अखण्डता वा कूटनीतिक सम्बन्ध जस्ता संवेदनशील विषयहरूमा आँच आउन सक्ने भनी कार्यपालिकाबाट प्रमाणित गरिएको विषय समावेश भएको ।

३७. **समितिमा छलफलः** दफा ३५ को उपदफा (२) को खण्ड (क) बमोजिम कुनै प्रस्ताव वा विधेयक माथि विस्तृत छलफल गर्न सभाको समितिमा पठाइएकोमा समितिले त्यस्तो विधेयक वा प्रस्तावमा छलफल गर्दा विधेयकमा संशोधन पेश गर्ने सदस्यहरुलाई संशोधन पेश गर्नु परेको आधार र कारण समेत खुलाई आफ्नो संशोधनको विषयमा प्रष्ट गर्न समितिको बैठकमा समय दिनेछ ।

(२) उपदफा (१) बमोजिम संशोधनकर्ताले संशोधनको विषयमा आफ्नो धारणा राखेपछि पेश भएका संशोधनका विषयमा समेत समितिले दफाबार छलफल

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

गरी त्यस्तो संशोधन स्वीकार गर्ने वा नगर्ने सम्बन्धमा विधेयक प्रस्तुतकर्ता सदस्यको समेत राय लिई आवश्यक निर्णय गर्नेछ ।

३८. **<u>समितिको प्रतिवेदन बैठकमा प्रस्तुत</u>:** (१) समितिमा विधेयक वा प्रस्ताव उपर छलफल समाप्त भएपछि समितिले गरेको निर्णय अनुरुप प्रतिवेदन तयार गरी समितिको संयोजक वा निजको अनुपस्थितिमा समितिले तोकेको सदस्यले प्रतिवेदन सहितको विधेयक वा प्रस्ताव अध्यक्षको अनुमतिले सभाको बैठकमा पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन उपर छलफल समाप्त भए पश्चात् विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सदस्यले अध्यक्षको अनुमतिमा विधेयक वा प्रस्ताव बैठकबाट पारित गर्न निर्णयार्थ पेश गर्नेछ ।

३९. **<u>विधेयक फिर्ता लिन सक्ने</u>:** (१) विधेयक प्रस्तुतकर्ता सदस्यले सभाको स्वीकृति लिई जुनसुकै अवस्थामा विधेयक वा प्रस्ताव फिर्ता लिन सक्नेछ ।

तर वार्षिक बजेट तथा आर्थिक ऐन सम्बन्धी विधेयक फिर्ता लिन सक्ने छैन ।

(२) विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सदस्यले विधेयक फिर्ता लिन अनुमति माग्ने प्रस्ताव पेश गर्न चाहेमा लिखित सूचना दिनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) विधेयक वा प्रस्ताव फिर्ता लिने प्रस्तावको कसैले विरोध गरेमा प्रस्ताव गर्ने तथा विरोध गर्ने सदस्यलाई अध्यक्षले आ-आफ्नो कुराहरू स्पष्ट पार्न संक्षिप्त वक्तव्य दिन अनुमति दिन सक्नेछ र त्यसपछि अरु छलफल हुन नदिई प्रस्तावलाई निर्णयार्थ पेश गर्नेछ।

(४) विधेयक वा प्रस्ताव फिर्ता लिने अन्य प्रक्रिया अध्यक्षले निर्धारण गरे बमोजिम हुनेछ ।

४०. **संशोधन प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार:** (१) दफा २६, २७, २९ र ३० बमोजिम दर्ता भएको विधेयक वा प्रस्ताव उपर कुनै सदस्यले संशोधन पेश गर्न चाहेमा सभाको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै संशोधनको प्रस्ताव अध्यक्ष समक्ष पेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गरिने संशोधन स्वीकृत गर्ने वा नगर्ने अधिकार अध्यक्षको हुनेछ ।

(३) अध्यक्षले स्वीकृत गरेको संशोधन वा संशोधन सहितको प्रस्ताव वा मूल प्रस्तावलाई निर्णयार्थ पेश गर्नुभन्दा पहिले बैठकमा पढेर सुनाउनेछ ।यसरी निर्णयार्थ पेश गर्दा एकभन्दा बढी संशोधनहरु भएमा अध्यक्षले उपयुक्त ठहऱ्याएको कुनै एक संशोधन वा संशोधन सहितको प्रस्ताव वा मूल प्रस्तावलाई प्राथमिकता दिई पेश गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(४) सभाको सचिवले अध्यक्षले अनुमति दिएको संशोधनको विवरण सदस्यलाई उपलब्ध गराउनेछ ।

४१. **विधेयक पारित गर्ने प्रस्ताव सभाको निर्णयार्थ पेश गर्ने:** (१) सभामा दफावार छलफल भएकोमा सो समाप्त भएपछि र समितिमा विस्तृत छलफल भएकोमा समितिको प्रतिवेदन उपर सभाको बैठकमा छलफल समाप्त भए पश्चात् अध्यक्षको अनुमति लिई प्रस्तुतकर्ता सदस्यले विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विधेयक वा प्रस्तावमा पेश भएका संशोधनहरूलाई अध्यक्षको अनुमतिले बैठकमा निर्णयार्थ छुट्टै पेश गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सभाको बैठकमा बहुमत सदस्यले स्वीकृत गरेमा विधेयक वा प्रस्ताव पारित भएको मानिनेछ ।

४२. **विधेयकको पुनः प्रस्तुतिः** एक पटक आव्हान गरी बसेको सभाको बैठकमा पेश गरी अस्वीकृत भएको विधेयक सोही सभाको बैठकमा पुनः प्रस्तुत गरिने छैन ।

४३. **विधेयक दर्ता अभिलेख राख्नेः** सभामा पेश गर्ने प्रयोजनको लागि अध्यक्ष समक्ष पेश भएका विधेयक सभाको सचिवले अनुसूची-२ बमोजिम दर्ता गरी विधेयकमा भएको कारबाहीको अद्यावधिक लगत तयार गरी राख्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बाग्मती प्रदेश

४४. **सामान्य त्रुटी सुधारः** अध्यक्षले सभाबाट पारित भएको विधेयक वा प्रस्तावमा दफाहरूको संख्याको क्रम मिलाउने तथा भाषागत शुद्धता कायम राख्नु पर्नेछ ।

४५. **विधेयक प्रमाणीकरणको लागि अद्यावधिक प्रति तयार पार्नेः** (१) दफा ४१ बमोजिम सभाबाट पारित भएको विधेयकलाई सभाको सचिवले पारित भएका संशोधन तथा आनुषंगिक मिलान भए त्यस्तो मिलान गरी विधेयक पारित भएको मिति समेत उल्लेख गरी प्रमाणीकरणको लागि नेपाली कागजमा चार प्रति तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको विधेयकमा वर्षगत नम्बर समेत उल्लेख गरी सभाको सचिवले प्रमाणीकरणको लागि अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

४६. **विधेयक प्रमाणीकरण र प्रकाशन तथा बिक्री वितरणः**(१) सभाबाट पारित भई दफा ४५ को उपदफा (२) बमोजिम प्रमाणीकरणको लागि पेश भएको विधेयकको पहिलो र अन्तिम पृष्ठमा पूरा नाम, थर तथा पद समेत उल्लेख गरी प्रत्येक पृष्ठमा हस्ताक्षर गरी अध्यक्षले प्रमाणीकरण गर्नेछ र त्यसरी प्रमाणीकरण गर्दा मिति र विधेयकको पृष्ठ संख्या समेत खुलाउनु पर्नेछ ।

(२) सभाबाट पारित विधेयक उपदफा (१) बमोजिम प्रमाणीकरण भएपछि लागू हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) उपदफा (१) बमोजिम विधेयक प्रमाणीकरण भएको जानकारी सभामा दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको विधेयकको एक प्रति सभाको अभिलेखमा राखी अर्को एक-एक प्रति कार्यपालिकाको कार्यालय, वडा समिति र संघ र प्रदेशको सम्पर्क मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको विधेयक प्रकाशन गरी कार्यपालिकाको वेवसाइटमा समेत राखु पर्नेछ ।

(६) सभाले पारित गरेको विधेयक प्रमाणीकरण भएपछि त्यसका मुख्य मुख्य व्यवस्थाको सम्बन्धमा स्थानीय सञ्चार माध्यम वा अन्य कुनै तरिकाबाट प्रचार प्रसार गर्नु पर्नेछ ।

(७) कसैले स्थानीय कानून खरिद गर्न चाहेमा कार्यपालिकाको कार्यालय र वडा समितिको कार्यालयबाट लागत दस्तुर तिरी खरिद गर्न सक्नेछ ।

४७. **<u>समिति गठन गर्न सक्ने</u>**: (१) कार्यपालिकालाई सभाप्रति उत्तरदायी बनाउन, स्थानीय कानून निर्माण प्रक्रियालाई व्यवस्थित बनाउन तथा कार्यपालिकाबाट भएका कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिन समेतको प्रयोजनको लागि देहाय बमोजिमको समिति गठन गर्न सक्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) विधायन समिति,

(ख) लेखा समिति,

(ग) विकास तथा सुशासन समिति ।

(२) उपदफा (१) बमोजिमको प्रत्येक समितिमा बढीमा तीन जना सदस्यहरु रहने छन् । समितिमा रहने सदस्यहरु विषयगत अनुभव वा विज्ञताका आधारमा अध्यक्षको प्रस्ताव बमोजिम सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम गठन हुने समितिको संयोजक अध्यक्षले तोके बमोजिम हुनेछ । संयोजक बैठकमा उपस्थित नभएमा समितिले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको सचिवको कार्य कार्यपालिकाको विषयगत शाखा प्रमुखले गर्नेछ ।

(५) समितिको बैठकको गणपूरक संख्या कस्तीमा दुई जना हुनु पर्नेछ ।

(६) समितिको निर्णय बहुमतबाट हुनेछ ।

(७) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार विशेषज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ र आमन्त्रित सदस्यले बैठकको निर्णयमा मत दिन पाउने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(८) उपदफा (१) बमोजिमका समितिले आफूले गरेको कामको वार्षिक प्रतिवेदन सभासमक्ष पेश गर्नु पर्नेछ ।

४८. **<u>स्थानीय कानूनको एकीकृत र अद्यावधिक अभिलेख राख्नु पर्नेः</u>** (१) सभाको सचिवले अनुसूची-३ बमोजिम सभाले बनाएको कानूनको एकीकृत र अद्यावधिक अभिलेख राख्नु पर्नेछ ।

(२) कार्यपालिकाले स्थानीय कानूनको वर्षगत र वर्णानुक्रममा अद्यावधिक विवरण तयार गरी राख्नु पर्नेछ ।

(३) स्थानीय कानूनमा संशोधन भएमा त्यस्तो संशोधन समेत मिलाइ कार्यपालिकाले अद्यावधिक विवरण तयार गरी राख्नु पर्नेछ र त्यसरी अद्यावधिक गरिएको स्थानीय कानून स्थानीय तहको वेवसाइटमा समेत राख्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम राखिएको अभिलेख कसैले अवलोकन गर्न चाहेमा सुरक्षित रुपमा अवलोकन गर्न दिनु पर्नेछ ।

४९. **<u>कानून निर्माण प्रक्रिया सम्बन्धी अन्य व्यवस्थाः</u>** कानून निर्माण वा संशोधन सम्बन्धी अन्य प्रक्रिया प्रचलित कानूनको प्रतिकूल नहुने गरी सभाले आफैं निर्धारण गरे बमोजिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

५०. **सभाको सचिवको अधिकारः** सभाको सचिवले सभाको वा कुनै समिति वा उपसमितिको बैठकमा प्रवेश गर्न र बैठकमा कार्यरत कर्मचारीलाई निर्देशन दिन वा नियन्त्रण गर्न वा बैठकले मागेको कारबाही सम्बन्धी सल्लाह दिन सक्नेछ ।

## परिच्छेद-४
## जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धी व्यवस्था

५१. **जिल्ला सभाको गणपूरक संख्याः** जिल्ला सभाको बैठकमा सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५२. **जिल्ला सभाको कार्यसञ्चालन सम्बन्धी कार्यविधिः** जिल्ला सभाको बैठक तथा कार्य सञ्चालन सम्बन्धी अन्य व्यवस्था जिल्ला सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५३. **जिल्ला समन्वय समितिको बैठकः** (१) जिल्ला समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) जिल्ला समन्वय समितिको बैठक समितिको प्रमुखले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) जिल्ला समन्वय समितिको सचिवले समितिको बैठक बस्ने सूचना कम्तीमा सात दिन अगावै

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

समितिका सदस्यहरूलाई दिनु पर्नेछ र त्यस्तो सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची समेत संलग्न गर्नु पर्नेछ ।

(४) जिल्ला समन्वय समितिका तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थिति भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) जिल्ला समन्वय समितिको बैठकको अध्यक्षता समितिको प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा वा निजको पद रिक्त रहेको अवस्थामा जिल्ला समन्वय समितिको उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ ।

(६) जिल्ला समन्वय समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) जिल्ला समन्वय समितिको निर्णय समितिको प्रमुखद्वारा प्रमाणित गरिनेछ ।

(८) जिल्ला समन्वय समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

५४. **<u>जिल्ला समन्वय समितिको काम कर्तव्य र अधिकारः</u>** नेपालको संविधान तथा यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विकास निर्माण कार्यमा स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारका कार्यालयहरु बीच समन्वय र सहकार्य गर्ने,

(ख) जिल्ला भित्रका विकास निर्माण, योजना कार्यान्वयन तथा प्रदेश सरकारले निर्देशन गरे बमोजिम अनुगमन सम्बन्धी कार्य गर्ने,

(ग) जिल्ला भित्रका विभिन्न सूचना, तथ्याङ्क, सरकारी सम्पत्ति लगायतका विषयका अभिलेख अद्यावधिक गर्ने,

(घ) जिल्ला भित्रका स्थानीय तहको क्षमता विकासमा सहयोग, समन्वय र प्रोत्साहन गर्न प्रदेश सरकारलाई सुझाव दिने,

(ङ) स्थानीय तहहरू बीच उठेका विवाद समाधान गर्न सहजीकरण गर्ने,

(च) स्थानीय तहको समग्र विकासका लागि अध्ययन, अनुसन्धान, प्रशिक्षण लगायतका कार्यहरू गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(छ) आफूले गरेका कामकारबाही सम्बन्धमा सुझाव सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश सरकार समक्ष पेश गर्ने,

(ज) अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

५५. **जिल्ला सभा तथा जिल्ला समन्वय समितिको निर्णयको अभिलेख र कार्यान्वयनः** (१) जिल्ला सभा तथा जिल्ला समन्वय समितिको निर्णय तथा कारबाहीको अभिलेखहरू जिल्ला समन्वय समितिको अध्यक्ष वा प्रमुखले तोकेको पदाधिकारी वा सभाको सचिवले सुरक्षित राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राखिने अभिलेखहरू समन्वय समिति प्रमुखको आदेश बिना जिल्ला समन्वय समितिको सचिवालय भवनबाट बाहिर लैजान हुँदैन ।

## परिच्छेद-५

## विविध

५६. **सभालाई सम्बोधनः** (१) नेपाल सरकारका मन्त्रिपरिषद्का सदस्य, प्रदेश प्रमुख तथा प्रदेश सरकारका मन्त्रिपरिषद्का सदस्य, संघीय संसदका सदस्य तथा प्रदेश सभा सदस्यलाई सभा अध्यक्षले

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सभाको बैठकलाई विशेष सम्बोधन गर्न अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बोधनको लागि अपनाइने प्रक्रिया कार्यपालिकाले तोके बमोजिम हुनेछ।

५७. **प्रवेश नियमित गर्ने अधिकारः** सभाको बैठकमा प्रवेश नियमित गर्ने अधिकार अध्यक्षको हुनेछ ।

५८. **दिग्दर्शन बनाउन सक्नेः** (१) सभाको स्वीकृति लिई अध्यक्षले आवश्यकता अनुसार आन्तरिक दिग्दर्शन बनाउन सक्नेछ ।

(२) यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार अध्यक्षलाई हुनेछ र निजको निर्णय अन्तिम हुनेछ ।

(३) त्यस्तो निर्णयको जानकारी बैठकलाई दिनु पर्नेछ ।

(४) यो कार्यविधिको प्रयोग गर्दा प्रक्रियागत बाधा अड्काउहरू फुकाउने अन्तिम अधिकार अध्यक्षलाई हुनेछ र यसरी जारी भएका आदेश वा निर्देशन यस ऐन बमोजिम भएको मानी कार्यान्वयन गर्नु पर्नेछ ।

५९. **अध्यक्षले काम लगाउन सक्नेः** सभाको सचिव उपस्थित नभएमा यस ऐनमा सभाको सचिवले गर्ने भनी तोकिएको कार्यहरू अध्यक्षले तोकेको अन्य अधिकृत स्तरका कर्मचारीले गर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

६०. **अनुपस्थितिको सूचनाः** (१) कुनै सदस्य लगातार दुई वटा वा सो भन्दा बढी सभाको बैठकमा अनुपस्थित रहनु पर्ने भएमा अग्रीम सूचना अध्यक्षलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने सूचनामा आफू अनुपस्थित रहने अवधि र कारण समेत उल्लेख गर्नु पर्नेछ ।

६१. **पालना गर्नु पर्ने आचार संहिताः** सभाका पदाधिकारी तथा सदस्यहरूले संविधान तथा प्रचलित कानून बमोजिमको उत्तरदायित्व पूरा गर्ने तथा निजहरूको काम कारबाहीमा सार्वजनिक विश्वास कायम गर्न सभाबाट स्वीकृत आचार संहिताको पालना गर्नेछन् । आचार संहिताको नमुना स्थानीय तहको सम्पर्क मन्त्रालय मार्फत उपलब्ध गराउनेछ । यस्तो आचारसंहिता सभाले पारित गरी लागू गर्नु स्थानीय तहको कर्तव्य हुनेछ ।

६२. **अधिवेशनको अङ्ग नमानिनेः** सभाको अधिवेशन प्रारम्भ हुनु पूर्व र भैसकेपछि अन्त्य नभएसम्मको अवधिमा आयोजना हुने उद्घाटन, स्वागत, सम्मान तथा अभिनन्दन जस्ता क्रियाकलापलाई सभाको अङ्ग मानिने छैन ।

६३. **शान्ति सुरक्षा सुव्यवस्था कायम राखेः** गाउँ सभा वा नगर सभा सञ्चालन अवधिभर सभाको सुरक्षार्थ अध्यक्षले सुरक्षा निकायको सहयोग अनुरोध गरेमा अविलम्ब सुरक्षा उपलब्ध गराउनु सम्बन्धित सुरक्षा निकायको कर्तव्य हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

६४. **आमन्त्रण सम्बन्धी व्यवस्था:** स्थानीय तहले सभा र बैठकमा सम्बन्धित क्षेत्रका संघीय संसद र प्रदेश सभाका सदस्यलाई आमन्त्रण गर्नेछ ।

६५. **नियम बनाउने:** यस ऐनको कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियमावली बनाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुसूची - १

(दफा २६ को उपदफा (७) सँग सम्बन्धित)

....पालिका

...... सभा

<u>कार्यसूची र समय तालिका</u>

बैठक संख्या बैठक

स्थान:

अध्यक्षता:

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

<u>छलफलको समय तालिका</u>

| मिति | बैठक बस्ने समय | कार्यसूची | प्रस्ताव प्रस्तुतकर्ताको नाम | छलफलमा बोल्ने सदस्यको नाम र तोकिएको समय | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची - २

## (दफा २९ को उपदफा (४) सँग सम्बन्धित)

## ...पालिकाको ...... सभामा प्रस्तुत कानूनको अभिलेख

## .................... गाउँ सभा/नगर सभा

| दर्ता नं. | विधेयकको नाम | दर्ता मिति | मूल-संशोधन | प्रस्तुतकर्ता | वितरण मिति | सभामा प्रस्तुत मिति | दफावार छलफल | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**<u>अभिलेख तयार गर्नेको</u>**

दस्तखतः

नाम, थरः

पदः

मितिः

**<u>अभिलेख जाँच गर्नेको</u>**

दस्तखतः

नाम, थरः

पदः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची - ३

(दफा ४८ को उपदफा (१) सँग सम्बन्धित)

...पालिकाको ...... सभामा स्वीकृत कानूनको अभिलेख

................... गाउँ सभा/नगर सभा

| दर्ता नं. | विधेयकको नाम | सभाबाट स्वीकृत भएको मिति | संशोधन भएको भए सोको मिति | सभामा प्रस्तुत मिति | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**अभिलेख तयार गर्नेको**

दस्तखतः

नाम, थरः

पदः

मितिः

**अभिलेख जाँच गर्नेको**

दस्तखतः

नाम, थरः

पदः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश